व्यक्तित्व

# अंग्रेजी ड्रामा र साइकलको शयर




**'अवकाशपछिको** समय सरकारको सेवा गरेर बिताउन चाहन्छु' भन्ने सुमन रायमाझीको 'अवकाश योजना' सुन्नासाथ धेरै मानिसहरू आश्चर्यमा पर्छन् । ५८ वर्षभन्दा धेरै उमेरका व्यक्तिहरूलाई सेवाबाट अवकाश दिने सरकारको नीति छ । त्यहीअनुसार कर्मचारीहरूले अवकाश पाइरहेका छन् । तर, यी युवा 'आन्त्रप्रेनर' भने जीवनको उत्तरार्द्धको समय सरकारी काम गरेर बिताउने योजना बनाउँदैछन् । त्यो आश्चर्यको विषय हुनु स्वाभाविक हो ।

'सरकारी क्षेत्रमा सुधार गर्नुपर्ने विषय धेरै छन् ।' आफूले युवा उमेरमा हासिल गरेका सीपलाई पूर्ण रूपमा स्वयंसेवीको रूपमा काम गरेर एउटा सरकारी सस्थालाई सक्षम बनाउने उनको धोको छ । पोर्टफोलियो व्यवस्थापन गर्ने देशकै पहिलो कम्पनी बिड इन्भेस्टका प्रमुख कार्यकारी अधिकृत सुमनका अनुसार कम्पनी स्थापना भएको एक वर्षको अवधिमा उनीहरूले चार दर्जनभन्दा बढी व्यक्ति तथा कम्पनीहरूको पोर्टफोलियो व्यवस्थापन गरेका छन् । सुमन रायमाझीका अनुसार लगानीका पोर्टफोलियोहरू अन्तर्राष्ट्रिय मान्यताप्राप्त प्रविधिहरूको प्रयोगद्वारा व्यापक तथ्यांक संकलन र अनुसन्धानको माध्यमद्वारा बनाइन्छ ।

**सेयर किन्ने टिप्स**

दुई तीन वर्ष लगानी योजना बनाएर मात्र सेयर बजारमा लगानी गर्नु उचित हुने उनको सुझाव छ । 'तुरुन्ता तुरुन्तै नाफा भइहाल्छ भन्ने सोच्नु हुँदैन । बजार उथलपुथल भए पनि दुई तीन वर्ष टिक्न सक्ने गरी मात्र लगानी गर्नुपर्छ,' सुमनको सुझाव छ । 'कुनै कम्पनी राम्रो वा नराम्रो छ भनेर चिन्ने सबैभन्दा सरल 'टेक्निक के हो ?' भन्ने प्रश्नमा सुमन भन्छन्, 'एक्कासि प्रगति गरेका कम्पनीहरू बढी जोखिमपूर्ण हुन्छन् । त्यसैले त्यस्ता कम्पनीको सेयर किन्दा निकै विचार पुऱ्याउनुपर्छ । मुख्यत: कम्पनीहरूको आधारभूत वित्तीय विश्लेषण नै लगानीको छनोटको प्रमुख आधार हो ।'

यदि कसैलाई सेयरमा लगानी गर्ने रहर छ तर कस्तो कम्पनीमा लगानी गर्ने भन्ने अन्योल छ भने त्यसको जिम्मेवारी सुमन वा बिडलाई दिए हुन्छ । उनीहरू कुल लगानीको १.५ प्रतिशत रकम लिएर राम्रा कम्पनीमा लगानी गरिदिन्छन् । त्यसबाहेक नाफाको १० प्रतिशत शुल्क पनि उनीहरूले लिन्छन् । उनीहरूले आफ्ना ग्राहकलाई नि:शुल्क रूपमा सुझावसमेत दिने गर्छ । ग्राहकबाहेक अरूले भने त्यो सुविधा पाउँदैनन् । राम्रा कम्पनी छनोट गरेर २-३ वर्षको लगानी योजना बनाए र राम्रो कम्पनिको छनोट गरे सेयर बजारबाट घाटा नहुने निष्कर्ष सुमनको छ ।

सुमनका अनुसार अहिले सेयर बजार 'करेक्सन'को अवस्थामा पुगेकोले सेयर किन्ने उपयुक्त समय हो । 'अहिले सेयर किनेर केही समय राख्ने हो भने त्यसले निकै फाइदा दिलाउन सक्छ,' उनी भन्छन् । उनको विचारमा सेयर बजार देशको अर्थतन्त्रसंग गाँसिएकोले त्यो नबढी सुखै छैन ।

**सोल्टीदेखि वाणिज्य बैंकसम्म**

बाल्यकालमा सुमनको रहर थियो– आर्मी अफिसर बन्ने । आर्मीको उच्च तहमा रहेका आफ्ना केही नातेदारहरूको व्यक्तित्वबाट प्रभावित भएकोले सुमनमा पनि उनीहरू जस्तै बन्ने रहर पलाएको थियो । त्यहीकारण अभिभावकको असहमति हुँदाहुँदै पनि सन् १९९४ को अन्त्यमा उनी नेपाली सेनाको 'सेकेन्ड लेफ्टिनेन्ट' मा भर्ना भएका थिए । तालिमको सिलसिलामा हात भाँचिएपछि करिब २ महिना आराम गर्नुपऱ्यो । त्यसपछि आर्मीमा बस्न मन लागेन र उनी बीकम पढ्न भारतको पुना पुगे । बीकमपछि त्यहीं चार्टर्ड एकाउन्टेन्ट (सीए) पढ्न थाले । सीए पढ्ने दौरानमा सन् १९९९ देखि सन २००२ सम्म अन्तर्राष्ट्रिय लेखापरीक्षण कम्पनी 'प्राइस वाटर हाउस' मा काम गरे । सीएको पढाइ एकैपटकमा पूरा गरेर नेपाल फर्केपछि बीआरएस न्यौपाने एन्ड कम्पनीमा केही समय काम गरे । २ वर्ष त्यहाँ काम गरेपछि उनले सोल्टी ग्रुपमा जागिर पाए । त्यही उनको सुजीव शाक्य (हाल बिड इन्भेस्टका अध्यक्ष) सँग भेट भयो ।

सोल्टीमा काम गर्दै गर्दा ब्रुस हेन्डरसन्को नेतृत्वमा राष्ट्रिय वाणिज्य बैंकको व्यवस्थापन विदेशीले लिएपछि सन् २००५ को मार्चमा उनी पनि त्यस टीममा

> अहिले सेयर बजार 'करेक्सन'को अवस्थामा पुगेकोले सेयर किन्ने उपयुक्त समय हो । 'अहिले सेयर किनेर केही समय राख्ने हो भने त्यसले निकै फाइदा दिलाउन सक्छ,' उनी भन्छन् । उनको विचारमा सेयर बजार देशको अर्थतन्त्रसँग गाँसिएकोले त्यो नबढी सुखै छैन ।

सहभागी भए । उनको नियुक्ति पूर्वाञ्चल क्षेत्रीय प्रबन्धकको रूपमा भयो । वाणिज्य बैंकभित्र २८ वर्षको उमेरमा क्षेत्रीय प्रबन्धक हुने म नै पहिलो हुँ, सुमन भन्छन् । त्यसभन्दा अगाडि कहिल्यै पनि नाफा कमाउन नसकेको वाणिज्य बैंकको पूर्वाञ्चल क्षेत्रीय कार्यालयले आफ्नो १८ महिने कार्यकालमा नाफा कमाएको र उठ्दैन भनेर बैंकले नै आस मारेको ८० करोड रुपैयाँको खराब कर्जा असुल गरेको घटनालाई उनी जीवनकै अविस्मरणीय घटनाको रूपमा लिन्छन् ।

सुमन बिराटनगरमै थिए । सोल्टीमा काम गर्दादेखि घनिष्ट सम्बन्ध भएका सुजीव शाक्यले होटल छोडेर तारा म्यानेजमेन्टमा गएपछि उनले सुमनलाई बोलाए । सुमनले पनि कुनै सोच विचार नै नगरी 'कर्पोरेट फाइनान्स' प्रमुखको रूपमा उनीसँग काम सुरु गरे । 'सोल्टीमा काम गर्दा सुजीवसँग मेरो निकै घनिष्ट र आदरणीय सम्बन्ध थियो । त्यसैले उहाँले बोलाउँदा नाई भन्न सकिनँ,' उनले भने । तारा म्यानेजमेन्ट छोडेर उनीहरूले सन २००८ को अक्टुबरमा बिड सुरु गरेका थिए । अब उनको एकमात्र उद्देश्य बिडको उच्च प्रगति गर्नु हो । ५०–५५ वर्षको उमेरपछि अवकाश लिएर स्वयंसेवीको रूपमा सरकारी काम गर्ने उनको धोको छ ।

**पर्फेक्ट होइन पर्फमेन्स**

सुमनको विचारमा कुनै पनि मान्छेले कुनै पनि क्षेत्रमा पूर्णता पाउन सक्दैन । 'पर्फेक्ट बन्न खोज्दा मान्छे अल्मलिन्छन् । सानोतिनो काममै हराउँछ । त्यसैले पूर्ण होइन राम्रोसँग काम गर्नुपर्छ,' उनी भन्छन् । इमानदार भएर काम गर्ने हो भने हरेक क्षेत्रमा सफलता पाउन सकिने उनको विश्वास छ ।

**पोशाक र साइकलका शौखिन**

जहिले पनि चट्ट परेर हिँडने र मीठो खानैपर्ने उनको स्वभाव हो । 'टन्न व्यायाम गर्छु, टन्न खान्छु' उनी भन्छन् । 'मोटाउँछु भन्ने डरले खाना थोरै खाने होइन कि मीठो कुरा टन्न खाएर व्यायाम गरेर शरीरलाई चुस्त राख्छु,' जापनिज र कन्टिनेन्टल खानाका सोखिन सुमनले भने । उनको सोख साइकल पनि हो ।

हरेक शनिबार कम्तीमा ३० देखि ५० किलोमिटरको यात्रा उनी साइकलमा गर्छन् । त्यसबाहेक हरेक दिन बिहान करिब १ घन्टा उनी व्यायाम गर्छन् ।

उनको अर्को सोख हो, फिल्म हेर्नु । हलमा गएर होस वा घरमै बसेर सातामा १-२ वटा फिल्म हेर्छन् उनी । कस्ता फिल्म मन पर्छ ? हिन्दी र अंग्रेजी ड्रामा धेरै मन पर्छ । ◆

beed invest